Total No. of Printed Pages—8

**HS/XII/A. Sc. Com/N/20**

**2 0 2 0**

# NEPALI

## ( Modern Indian Language)

*Full Marks* : 100

*Time* : 3 hours

*The figures in the margin indicate full marks for the questions*

*General Instructions* :

(i) Write all the answers in the Answer Script.

(ii) Attempt Part—A (Objective Questions) serially.

(iii) Attempt all parts of a question together at one place.

( PART : A—OBJECTIVE )

( *Marks* : 50 )

SECTION—I

( *Marks* : 20 )

**1.** तल दिइएका प्रश्नहरूका वैकल्पिक उत्तरमध्ये सही विकल्प छानेर लेखः 1×10=10

(क) ''हाम्रो ग्वाँजे चिन्नुहुन्छ, हो, उसलाई उनान्सय ठेक्का नै छ।'' यो वाक्यका वक्ता को हुन्?

*(i)* मुकुन्द

*(ii)* भवदेव

*(iii)* रूपनारायण

*(iv)* विमान

(ख) ''लोचनका तारा! हे मेरा प्यारा! यो जाति बिलाए।
के भनूँ? भन्ने म केही थिइनँ विष नै पिलाए।''
माथिको पङ्क्तिमा 'लोचन'-को अर्थ के हो?

*(i)* नाक

*(ii)* कान

*(iii)* पेट

*(iv)* आँखा

(ग) साहिंली र चतुरे-का बाबाको नाम तलकामध्ये कुन हो?

*(i)* चन्द्रबहादुर अधिकारी

*(ii)* रामबहादुर अधिकारी

*(iii)* हेमाङ्गराज अधिकारी

*(iv)* चन्द्रमणि अधिकारी

(घ) खसहरू कति राज्यमा छरिएर बसे?

*(i)* बाइस

*(ii)* तेइस

*(iii)* चौबीस

*(iv)* पच्चीस

(ङ) 'गुन्द्रुकको पुकार' के हो?

*(i)* कविता

*(ii)* कथा

*(iii)* उपन्यास

*(iv)* निबन्ध

(च) मदनले आमाका के इच्छा पूरा गर्न भोट जान्छ?

*(i)* सुनका गहना किन्न

*(ii)* महल बनाउन

*(iii)* पाटी र धारा-को इच्छा पूरा गर्न

*(iv)* लहिनो भैंसी किन्न

(छ) 'कैकेयी' कथामा दरबारको दलान बैठक के आकारको थियो?

*(i)* लक्ष्मी आकारको

*(ii)* सरस्वती आकारको

*(iii)* सिंह आकारको

*(iv)* विष्णु आकारको

(ज) ''हामी घरको धेरै खबर बोकेर आएका छौं।'' यस वाक्यमा घरको खबर बोकेर आउने मान्छे को हो?

*(i)* रमेश दास र मिस्टर ज्याक्सन

*(ii)* पुनाचा र विमान

*(iii)* भवदेव र पुनाचा

*(iv)* नोकर र भरिया

(झ) ''बिराएँ हजुर, माफ रहोस् कसूर।''

माथिको वाक्यमा माफ माग्ने को हो?

*(i)* मदन

*(ii)* मुना

*(iii)* भोटे

*(iv)* नैनी

(ञ) कुन कथामा कसले समय असमयमा धेरै उपदेश दिने गर्छ?

*(i)* 'परालको आगो' कथामा चामेले

*(ii)* 'लोग्ने' कथामा चतुरेले

*(iii)* 'शत्रु' कथामा कृष्णरायले

*(iv)* 'कैकेयी' कथामा दशरथले

**2.** तलका वाक्यमा भनिएका कुरा सत्य भए 'हो' र सत्य नभए 'होइन' लेख : 1×5=5

(क) 'मुकुन्द-इन्दिरा'-मा दश अङ्क छन्।

(ख) 'मुना-मदन' देवकोटाको एउटा राम्रो महाकाव्य हो।

(ग) 'गुन्द्रुकको पुकार' व्यङ्ग्यात्मक निबन्ध हो।

(घ) तुरानियनहरू आदिवासी थिए।

(ङ) जुठेका घरपरिवारको तुलना गरेर चामे साह्रै दुःखी हुने गर्छ।

**3.** कोष्ठभित्र दिइएका सही शब्द छानेर रित्तो ठाउँ पूरा गर : 1×5=5

(क) तिमीले हाँसे म हाँक्न सक्छु _____ को आसन। (स्वर्ग/इन्द्र)

(ख) हाम्रो चीसो _____ हिमालयको चीसै रहे भला हुन्थ्यो। (बतास/फूल)

(ग) महारानी कैकेयी _____ लागेको घर जस्तै फेरि दन्कन लागिन्।

(पानी/आगो)

(घ) वराहमिहिरले _____ को उल्लेख गरेको छ। (तुरानियन/खसहरू)

(ङ) स्वास्नीलाई _____ धपाइहालिस् अब एक्लै मोज गर् बस्।

(घर/माइत)

SECTION—II

( *Marks* : 30 )

**4.** तलका प्रश्नको *5/6* वाक्यमा उत्तर लेख (कुनै **पाँच**): 3×5=15

(क) "चतुरेले दिदी साहिंलीलाई भिनाज्यू साहै मनपरेको छ त" भनेर सोध्दा उसले कसरी उत्तर दिन्छे?

(ख) कलकत्तामा भवदेव र मुकुन्द-बीच के-कस्ता कुराकानी भए?

(ग) "के नेपाली हाम्रो मातृभाषा हो?" यस भनाइलाई स्पष्ट पार।

(घ) भोटमा भोटे दाइले मदनलाई कसरी सघायो?

(ङ) कृष्णराय को हुन् ? उनले गाउँमा के-के काम गर्थे?

(च) मुकुन्द र मदन को हुन्?

(छ) मुना र इन्दिरा-का कुनै तीनवटा समानता लेख।

**5.** (क) तलका शब्दलाई स्त्रीलिङ्ग बनाऊ : 2

बादशाह; सम्राट; थापा; राक्षस।

(ख) तलका शब्दलाई बहुवचन बनाऊ : 2

छोरो; बाटो; पाठक; छात्र।

(ग) तल दिइएका कारक कुन-कुन कारकमा पर्छन्, छुट्टाऊ : 2

ले; लाई; बाट; को।

(घ) तलका शब्दका धातु र प्रत्यय छुट्टाऊ : 2

लेखोट; भनाइ; बस्नु; गर।

(ङ) तलका शब्दको विपरीत शब्द बनाऊ : 2

चढ्छ; लेख्छ; बुढो; सुन्दर।

(च) पर्यायवाची शब्द बनाऊ : 2

चिठी; पिता; फूल; रात।

(छ) तलका टुक्का प्रयोग गरेर वाक्य बनाऊ : 1×3=3

*(i)* घैंटोमा घाम लाग्नु

*(ii)* दाँतमा ढुङ्गा लाग्नु

*(iii)* माटो खानु

( PART : B—DESCRIPTIVE )

( *Marks* : 50 )

**6.** सप्रसङ्ग व्याख्या गर : 5+5=10

(क) कस्तो अचम्म! निर्दोष कुरामा पनि विषालु साँप जस्तो बैरी बनाउने साधन लुकिरहेको देखिन्छ।

**अथवा**

उसले जान्दछ कि उसका भाइहरूलाई आखिर आफ्नो उद्योग खाएरै, पृथ्वीका मान्छे बनेरै ज्यूनुपर्छ अनि पक्का पृथ्वीको मान्छे उही भएको छ जसलाई बरदानको जरूरत परेन।

(ख) दैवले देख्छ सोझाको दर्द दैवले हेर्दछ।
दैवको बज्र ओह्रर्लेर आए ममाथि पर्दछ।।

**अथवा**

ऊ मलाई त आफू नै ठान्दथ्यो, कतै उसको जीउमा काटे मेरोमा रक्त आउँथ्यो; मैले खाएँ भने उल्ले खानु पर्दैनथ्यो, थियो ज्यान एक दुबै हामीहरूको।

**7.** 'गुन्द्रुकको पुकार' के हो? यसले कोसँग किन गुनासो पोखेको छ? 5

**अथवा**

खस कुरा भन्नाले के बुझिन्छ? यसको विकास कहाँ र कसरी भएको छ?

**8.** चतुरे र उसकी आमा-बीच भएका कुराहरू के थिए? कथाको आधारमा स्पष्ट पार। 5

**अथवा**

'कैकेयी' कथाका कथाकारको परिचय दिँदै देवता र दानव-बीच भएको देवासुर सङ्ग्रामको वर्णन गर।

**9.** भवदेव र मुकुन्द-बीच के-कस्ता कुराकानी भए? त्यसको के परिणाम भयो? लेख। 5

**अथवा**

मुकुन्दको चरित्र चित्रण गर।

**10.** भोटे को हो? उसको चरित्र चित्रण गर। 5

**अथवा**

मदनको चरित्र चित्रण गर।

**11.** 'स्वास्थ्य नै धन हो' भन्ने विषयमा मित्रलाई एउटा चिठी लेख। 5

**12.** तलको कुनै **एउटा** विषयमा *150* शब्द भित्र निबन्ध लेख : 10

*(i)* समयको सदुपयोग

*(ii)* स्वरोजगार

*(iii)* हुने बिरुवाको चिल्लो पात नहुने बिरुवाको फुस्रो पात

*(iv)* मातृभाषा

**13.** तलको अनुच्छेदको शीर्षक दिँदै सार–सङ्क्षेप लेख : 5

एक समयमा एउटा काग पानीको खोजमा यता–उता उडिरहेको थियो। पानी पाइन्छ कि भनेर यता–उता चाहरि रहेको थियो। उड्दै गरेको समयमा त्यसले एउटा हाँडीमा केही पानी देख्यो। उ खुशी भएर त्यस हाँडीको छेउमा बस्यो। उसले खुशी भएर पानी खाने कोशिश गर्‍यो। त्यसको चुच्चो पानीसम्म पुगेन। उसले भाँडामाथि चढेर यता–उता हेर्न थाल्यो। त्यो काग साह्है बुद्धिमान थियो। त्यो निराश भएन। जसरी भए पनि पानी खाने चेष्टा गर्न थाल्यो। त्यसले हाँडीको वरिपरि ससाना ढुङ्गाहरू देख्यो। उसले बुद्धि लगायो। ती ढुङ्गालाई चुच्चोले टिप्दै हाँडीमा हाल्न थाल्यो। ढुङ्गा बढ्दै जाँदा पानी पनि माथि आउन थाल्यो। अन्तमा हाँडीमा भएको फेदको पानी माथि हुँदै हाँडीको मुखसम्म आइपुग्यो। कागले तिर्खा मेटिने गरी पानी पियो र सन्तुष्ट भएर खुशी हुँदै उडेर गयो। रमाउँदै रमाउँदै आकाशको बाटो भएर उड्दै उड्दै पल्लो गाउँ अरू काग भए ठाउँमा पुग्यो। उसले परिश्रम गरेर पानी खाएको कुरा अरूलाई पनि सुनाउन थाल्यो। उसको कुरा सुनेर उसलाई स्याबासी दिए।

★★★